# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवको विचार विनिमय तथा सामाजिक व्यवहार गर्ने महत्त्वपूर्ण माध्यम हो । भाषाले व्यक्ति, समाज र राष्ट्रको जीवनमा महत्त्वपूर्ण स्थान राखेको हुन्छ । मानव संस्कृति र सभ्यताको संवाहकका रूपमा मात्र होइन व्यक्ति व्यक्तिलाई सामाजिकरण गर्नका निम्ति सम्प्रेषणको विश्वसनीय माध्यमका रूपमा समेत भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ । व्यक्ति विशेषले बोल्ने र लेख्ने ढङ्ग सिक्नु सिकाउनु हो । भाषिक सिप भित्र भाषाका चार कुशलता अर्थात सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् (पौडेल, २०६६:२ ) । सुरुमा कथ्य रूपमा मात्र सीमित रहेको अमानक भाषा पछि गएर लिपिबद्ध रूप लिइ स्तरीकृत, परिष्कृत, मानक भाषाको रूपमा परिणत भएको छ ।

निमन्त्रणापत्र औपचारिक पत्रको एउटा प्रकार हो । कुनै कार्यक्रम, गोष्ठी वा पारिवारिक कार्यमा उपस्थितिका लागि अनुरोध गरी निम्तो लेखिने पत्र नै निमन्त्रणापत्र हो । निमन्त्रणापत्र लेखन कलालाई विकास पुऱ्याउने लेख्य विधा हो । यो विशेषतः सिर्जनात्मक लेखनसँग सम्बन्धित हुन्छ । निमन्त्रणापत्र पढ्न जान्नेले मात्र लेख्न सक्छ भन्ने होइन यसको लेखनमा जसले सधैं लेख्ने अभ्यास गर्दछ त्यसले मात्र लेख्न सक्दछ । औपचारिक सङ्क्षिप्तता, स्पष्टता, स्तरीय र शिष्ट भाषाको प्रयोग निमन्त्रणा लेखनको गहना हो । लेखाइ सिपलाई उत्कृष्टता प्रदान गर्न निमन्त्रणापत्र लेखन गराउनु उपयोगी हुन्छ । निमन्त्रणापत्र लेखन क्षमताले विद्यार्थीको अभिव्यक्ति सिपलाई अझ बढी परिष्कृत, परिमार्जन र स्तरीय गर्न सहयोग गर्दछ ।

लेखाइ सिपको विकासका क्रममा विभिन्न पक्षहरूलाई अगाडि सारिएको हुन्छ जसमा विभिन्न विषय क्षेत्र सम्बन्धित पक्षहरूको उपयोग गरी विद्यार्थीहरूको लेखन क्षमतामा विविधता ल्याउन सकिए पनि हरेक पक्षहरूको लेखाइ सिपको विकासमा आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । जसमा लेखाइको विभिन्न पक्षहरू अन्तर्गत एक महत्त्वपूर्ण

पक्ष व्यावहारिक लेखन कला हो जसअन्तर्गत निवेदन, विज्ञापन, बधाइ र चिठी लेखनका साथसाथै निमन्त्रणापत्र लेखन पनि लेखन कला विकासका लागि सहयोग पुऱ्याउने व्यावहारिक/सिर्जनात्मक रचना हो । निमन्त्रणापत्रको रचना निवेदन वा चिठी भन्दा अलि बेग्लै तरिकाले गरिन्छ ।

कुनै गोष्ठी, सेमिनार, सभा, समारोह, विवाह, व्रतबन्ध, भोज, मृत्यु संस्कार आदिका निम्ति लेखिने पत्र निमन्त्रणापत्र हो । विषय अनुसार यसका भाषा र स्वरूपमा भिन्नता हुने भएता पनि उपस्थितिका निम्ति अनुरोध गर्नु यसको उद्देश्य हो (सुवेदी, २०७२:१८५) । निमन्त्रणा लेखन कार्य वर्तमानमा मात्र नभइ प्राचीन समय देखिनै आफ्ना आफन्तजन, शुभचिन्तक र छरछिमेकीलाई आमन्त्रण गर्नका लागि निमन्त्रणा लेखेर पठाउने प्रचलन रहेको थियो । यसरी प्राचीन समय देखि अहिले सम्म निमन्त्रणापत्रको महत्त्व उत्तिकै रहेको छ । यसप्रकार सम्पूर्ण तहको पाठ्यक्रममा निमन्त्रणापत्र लेखनलाई समावेश गरिएको छ । यसले निमन्त्रणापत्र लेखनको महत्त्व नेपाली भाषा अन्तर्गत सधैँ अपरिहार्य रहिरहने अध्येताको ठहर छ ।

## १.२ समस्याकथन

भाषा मानवीय अवयवबाट उच्चारित सार्थक ध्वनि हो । भाषाको मुख्यतः दुई रूप मौखिक र लिखित हुन्छन जसमा निमन्त्रणापत्र लेखन सिप अन्तर्गतको औपचारिक व्यावहारिक रचना हो । यसले लेखन सिपलाई उत्कृष्टता प्रदान गर्न मद्दत गर्दछ । लेखन कला मध्य उत्कृष्ट र विशिष्ट भाषाको प्रयोग निमन्त्रणापत्रमा गरिन्छ । प्राचीन समयदेखि हाल सम्म निमन्त्रणापत्रको महत्त्व समान रूपमा रहेको छ । निमन्त्रणापत्र लेखन विद्यालय तहदेखि उच्च सम्मका पाठ्यक्रममा समावेश गरिएको छ । यस लेखनमा विद्यार्थीको उत्सुकताको आवश्यक पर्ने हुन्छ । निमन्त्रणापत्र लेखनको अभ्यासले व्यक्तिको लेखन सिपको विकास हुन्छ ।

प्रस्तुत अध्ययन 'कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन' शीर्षक प्रस्तुत शोध प्रस्तावनाको प्रमुख समस्याको रूपमा रहेको छ । निमन्त्रणापत्र लेखन समय परिस्थिति अनुसार यसको भाषा

अलि फरक हुन्छ । निमन्त्रणापत्र जुनसुकै किसिमको भए पनि त्यसमा प्रयुक्त भाषा सङ्क्षिप्त, शिष्ट, सभ्य, सुस्पष्ट र सुमधुर हुनुपर्दछ । निमन्त्रणापत्र लेखनमा विद्यार्थीहरूको के कस्तो क्षमता छ भन्ने कुरा प्रमाणित गर्नुमा शोध समस्यामा केन्द्रित रहेको छ ।

प्रस्तुत शोध निम्नलिखित समस्यामा केन्द्रित भई तयार गरिएको छ :

क) कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता के कस्तो छ ?

ख) लैङ्गिक आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनको तुलना कसरी गर्न सकिन्छ ?

ग) भाषिक पृष्ठभूको आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनको तुलना कसरी गर्न सकिन्छ ?

घ) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधको उद्देश्य शोधको समस्यामा आधारित हुने हुनाले त्यसै अनुसार उद्देश्य बिना कुनै पनि कार्य सम्पन्न र पूर्ण हुन सक्दैन । त्यसैले शोध पत्रको पनि निश्चित उद्देश्य हुन्छ जो यसप्रकार रहेका छन् :

क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता पहिचान गर्नु ,

ख) लैङ्गिक आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु ,

ग) भाषिक पृष्ठभूमिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु ,

घ)　विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

लेखाइ सिप औपचारिक शिक्षाकै देन हो । यो सिप भाषिक सिप विकास उपल्लो तह हो । वर्ण शब्द र पाठको सफा र स्पष्ट लेखन, वर्णविन्यास लेख्य चिन्हको उपयुक्त प्रयोग, विचार सङ्गठनको उपर्युक्त प्रस्तुति लेखाइका आवश्यक पक्ष हुन । कुनै पनि अनुसन्धान गर्नु पूर्व त्यससँग सम्बन्धित विषयमा अध्ययनमा गर्नु पर्दछ । अध्ययन कार्य जति गहन भयो त्यति अनुसन्धान कार्यलाई थप विशिष्टीकरण तर्फ लैजान सहयोग पुग्दछ । गहन अध्ययनले नै अनुसन्धान कार्य गर्नका लागि ऊर्जा प्रदान गर्ने र निश्चित निष्कर्षमा पुग्न सहयोग गर्दछ । अध्ययनले नै विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू रहेका हुन्छन तिनको भाषिक क्षमता पहिचान गरी भाषिक त्रुटिहरू वा के-कस्ता भाषिक समस्याहरू पहिचान गर्न मद्दत गर्दछ । निमन्त्रणापत्र लेखन सिपलाई विकास पुऱ्याउने महत्त्वपूर्ण विधा हो । यसअन्तर्गत लेखनकलालाई कसरी विकसित र सक्षम बनाउन सकिन्छ भन्ने सुझाबहरू प्रस्तुत गर्ने भएकाले अध्ययनको सान्दर्भिकता उच्च रहेको मान्न सकिन्छ ।

## १.५ अध्ययनको परिसीमा

शोध कार्य आफैमा जटिल र चुनौतीपूर्ण कार्य हो । अनुसन्धानमा पुरा जनसङ्ख्यालाई लिएर अध्ययन गर्नु असम्भव हुन्छ जसले गर्दा अध्ययनको व्यापकतालाई केही निश्चित घेरा भित्र राख्नु पर्ने हुन्छ । जस अनुसार यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क)　यो अध्ययन कपिलवस्तु जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा मात्र केन्द्रित रहेको छ ।

ख)	उक्त जिल्ला भित्रका ५ सामुदायिक र ५ संस्थागत विद्यालयहरूमा अध्ययनरत १० / १० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई मात्र सहभागी गराइएइको छ ।

ग)	उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, विद्यालयको प्रकृति भाषिक पृष्ठभूमिको अध्ययनमा मात्र सीमित रहेको छ ।

घ)	उल्लेखित विद्यालयका १०० जना विद्यार्थी मध्य ५० जना छात्र र ५० जना छात्रा रहेका छन् ।

ङ)	उल्लेखित विद्यालयका १०० जना विद्यार्थी मध्य ५० जना नेपाली भाषी र ५० जना नेपाली बाहेक अन्य भाषी विद्यार्थी रहेका छन् ।

च)	उल्लेखित विद्यायका १०० जना विद्यार्थी मध्य ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू रहेका छन् ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अनुसन्धानलाई व्यवस्थित रूप दिनका लागि आवश्यकता अनुसार आठ अध्यायमा मुख्य शीर्षकहरू विभाजन गरी शोधपत्रको रूपरेखा तयार पारिएको छ जो निम्नानुसार रहेका छन् ।

अध्याय एक :	शोधको परिचय

अध्याय दुई :	पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तिन :	शोधविधि र प्रक्रिया

अध्याय चार :	समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय पाँच :	लैङ्गिक आधारमा कक्षा आठका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय छ : भाषिक आधारमा कक्षा आठका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय सात : विद्यालयको प्रकृतिका आधारमा कक्षा आठका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान, पत्रपत्रिका, पुस्तक, शोधप्रबन्ध, प्रतिवेदन तथा अन्य सामग्रीहरूको सङ्क्षिप्त टिप्पणी गर्नु वा समीक्षा गर्नु नै सम्बद्ध कार्यको पुनरावलोकन हो ।

पूर्वकार्यको पुनरावलोकनले त्यस विषयमा त्यस बेलासम्म भएका यावत अनुसन्धानहरूको सम्यक जानकारी दिन्छ जसले गर्दा अनुसन्धान कर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज सरल बनाउँछ । पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धानकर्तालाई समेत सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ (भट्टराई, २०७३ : १६९) । यस शोध प्रस्तावमा निमन्त्रणा लेखनको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन वा सो सम्बन्धी भएका प्रयासहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

### २.१.१ सम्बद्ध पुस्तकको समीक्षा

बराल र एटम (२०६४) द्वारा लिखित **साधरण नेपाली** नामक पुस्तकमा निमन्त्रणापत्रको बारेमा परिचय दिइएको छ । व्यावहारिक रचनाअन्तर्गत विभिन्न प्रकार मध्य निमन्त्रणापत्रलाई पनि एउटा महत्त्वपूर्ण प्रकारको रूपमा लिइएको छ । प्रस्तुत पुस्तकमा निमन्त्रणापत्रको नमुना बनाई निमन्त्रणा लेख्ने तरिका प्रस्ट पारिएको छ । निमन्त्रणापत्रले लेखन सिपको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ किनकी निमन्त्रणापत्र लेखन पनि लेखन कला विकाससँग सम्बद्ध रहेको हुन्छ । भाषिक सिपलाई केन्द्रबिन्दु मानी लेखिएको प्रस्तुत पुस्तकमा निमन्त्रणाको उद्देश्यलाई सरल र स्पष्ट रूपमा दिइएको छ, जसले गर्दा प्रस्तावित शोधपत्र लेखनमा सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ ।

पौडेल (२०६६) द्वारा तयार परिएको **नेपाली भाषाशिक्षण** पुस्तकमा भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको चर्चा गरिएको पाइन्छ । जस अन्तर्गत यो पुस्तकमा एकाइ तेह्र अन्तर्गत लेखाइ शिक्षण समावेश गरिएको छ । यसमा लेखाइ शिक्षणको परिचय माध्यमिक तहमा यसको आवश्यकता बोलाइ र लेखाइ सिपको सम्बन्ध, यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सिर्जनात्मक लेखन, लेखाइ शिक्षणका कार्यकलापहरू लेखाइमा पाइने कमजोरीहरू, कमजोरी निराकरणका उपायहरू, लिखित अभिव्यक्तिको शुद्धीकरण यी तहमा लेखाइ कार्यकलापलाई प्रस्तुत गरि लेखन कलालाई स्तरीय बनाउने प्रयास गरिएको छ । यो पुस्तक स्नातक तहको पाठ्क्रममा आधारित रहेको भएता पनि यसमा रहेका लेखन कला माध्यमिक तह सम्मका विद्यार्थीहरूको लेखन सिपको लागि अत्त्यन्तै उपयोगी सामग्री बनेको छ ।

पौडेल (२०७०) द्वारा लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तक लेखनकला शिक्षणको लागि उपयुक्त मानिन्छ । जसमा ६ अध्याय रहेका छन् । यो पुस्तकको अध्याय दुई अन्तर्गत लेखन कला शिक्षण कार्यकलाप समावेश गरिएको छ । यसमा लेखनकलाको प्रयोजन, लेखनकला शिक्षण कार्यकलाप, लेखनकला विकासका प्रारम्भिक कार्यकलाप लेखन कला विकासका उत्तरवर्ती कार्यकलाप यी चार तहमा विभाजन गरी लेखन शिक्षणलाई स्तरीय बनाउने प्रयास गरिएको छ । यो पुस्तक विशेषत स्नातकोत्तर तहको पाठ्यक्रममा आधारित रहेको भएता पनि यसमा रहेको लेखनकला विकासका प्रारम्भिक र उत्तरवर्ती कार्यकलाप लेखन सिपको लागि अत्यन्तै उपयोगी सामग्री बनेको छ ।

निरौला र निरौला (२०७१) द्वारा तयार पारिएको **अनिवार्य नेपाली** पुस्तकमा व्यावहारिक रचना/सिर्जनात्मक रचनाको बारेमा जानकारी दिएको छ । यस पुस्तकमा पत्रका विभिन्न प्रकारहरू मध्य निमन्त्रणापत्रको लेखन प्रक्रियालाई समेटेको छ । यसमा निमन्त्रणको बारेमा सामान्य परिचय दिई निमन्त्रणापत्रको नमुना प्रस्तुत गरिएको छ । भाषाका चार सिप सम्बद्ध भएर लेखिएको प्रस्तुत पुस्तकमा लेखन सिपलाई आधार मानेर निमन्त्रणापत्रको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकले निमन्त्रणापत्र लेखनसँग

सम्बद्ध गराइएको छ । यस पुस्तकमा भएका विविध पक्षहरूले अध्ययन कार्यमा सहयोगी भूमिका खेलेको देखिन्छ ।

सुवेदी र अन्य (२०७२) द्वारा लिखित **सबैको नेपाली** पुस्तकमा निमन्त्रणापत्रको परिचय सहित त्यसको उद्देश्य पनि किटान गरिएको छ । यस पुस्तकमा व्यावहारिक रचना अन्तर्गत चिठी, बधाइ पत्र, शुभकामना पत्र, विज्ञापन पत्र आदि व्यावहारिक रचना समावेश गरिएको जसले लेखन सिपलाई विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन जसमा निमन्त्रणापत्र पनि व्यावहारिक रचना अन्तर्गतको अत्त्यन्तै उपयोगी पक्ष हो । निमन्त्रणापत्र लेखन व्यावहारिक जीवनमा उपयोगी र सान्दर्भिक हुने भएकाले प्रस्तुत पुस्तकमा निमन्त्रणापत्रलाई व्यावहारिक लेखन अन्तर्गत राखिएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

आचार्य (२०६९) द्वारा **म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरेको पाइन्छ । उक्त शोध पत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति, लैङ्गिक आधार, भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमता पहिल्याउनु, निवेदन लेखन सम्बन्धी के-कस्ता कमिकमजोरीहरू पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधि र सर्वेक्षण विधिको प्रयोग गरी सम्पन्न गरिएको सोध पत्रमा सामग्री सङ्कलनका लागि म्याग्दी जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना गरी १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । निष्कर्षमा सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा निजी विद्यालयका विषयवस्तुको ज्ञान र प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको, नेपाली मातृभाषि विद्यार्थीहरूको भषिक शुद्धता र विषयवस्तुको ज्ञानमा सक्षम देखिए पनि विषयवस्तुको संयोजन शैली शिल्पमा मध्यम देखिएको छात्र छात्राहरूमा सबै कुरा समान देखिए पनि छात्राहरूको विषयवस्तुको प्रस्तुतीकरणको सिप मौलिकता र आज्ञाकारितामा छात्रहरू भन्दा उत्कृष्ट देखियो समग्रमा छात्र छात्राहरूको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक भएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य लेखन क्षमताकै अध्ययनमा केन्द्रित

भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ र कक्षा आठका विद्यार्थीहरूलाई आधार मानेर अध्ययन गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत अध्ययनलाई जाँचसूची निर्माणमा सहयोग पुगेको छ ।

अधिकारी (२०७१) द्वारा **दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोध पत्रमा समग्र विद्यार्थीको चिठील लेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलानात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलानात्मक स्थिति पहिल्याउनु, उक्त विद्यालयमा चिठी लेखन सम्बन्धी कमिकमजोरीहरू पहिचान गरी निराकरणका उपाय सुझाउनुजस्ता उद्देश्य रहेका छन । उक्त शोध पत्रमा सर्वेक्षण विधिलाई आधार बनाई दाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयबाट १०/१० जनाको दरले १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो देखिएको छ भने छात्राका तुलनामा छात्र विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको छ । त्यसैगरी दोस्रो भाषी र मातृ भाषी विद्यार्थीहरूको तुलना गर्दा दोस्रो भाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता राम्रो रहेको पाइएको छ । समग्रमा दाङ जिल्लामा अध्ययनरत कक्षा पाँचका विद्यार्थीको चिठी लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग सम्बन्धित रहेको छ भने उक्त पूर्वकार्य कक्षा पाँचका विद्यार्थीहरूको लेखन क्षमतामा आधारित भएकाले प्रस्तुत शोधकार्यभन्दा क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यको विधि छनोटमा सहयोग पुगेको छ ।

आचार्य (२०७३) द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शोधपत्रमा प्रमुख

उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु र लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको लेखन क्षमताको तुलना गर्नु आदि रहेका छन् । प्रस्तुत शोध कार्यका लागि क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन जस्ता विधिको प्रयोग गरिएको छ । उक्त शोध कार्यको निष्कर्षमा लैङ्गिकताको आधारमा छात्र भन्दा छात्राको प्राप्ताङ्क बढी रहेको छ भने विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको तुलना संस्थागत विद्यालयका विद्यार्थीहरूका लेखन क्षमता राम्रो रहेको देखिन्छ । समग्र रूपमा प्राप्त तथ्याङ्कहरूलाई छात्र र छात्रा, संस्थागत र सामुदायिक क्षेत्रका विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य लेखन क्षमताको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बधित रहेको छ भने कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण र सामग्री निर्माणमा सहयोग पुगेको छ ।

खनाल (२०७३) द्वारा **इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य लैङ्गिक आधारमा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको तुलानात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पहिल्याइ निराकरणको उपाय सुझाउनु र इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता पत्ता लगाउनु रहेको छ । उक्त अध्ययनमा इलाम जिल्लाका ७ वटा सामुदायिक उच्च मा. वि र ३ वटा संस्थागत उच्च मा. वि. मा कक्षा एघारमा अध्ययनरत ५०/५० जना छात्र/ छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोध पत्रमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनामा

संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता बढी रहेको देखिन्छ भने लैङ्गिकताको आधारमा छात्र भन्दा छात्राको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तावित शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित हुँदाहुँदै पनि कक्षा र क्षेत्रका आधारमा भिन्नसमेत रहेको । उक्त पूर्वकार्यबाट प्रस्तावित शोधकार्यलाई उद्देश्य निर्माण, अध्ययन विधि छनोट र निष्कर्षमा पुग्नका लागि आधार प्राप्त भएको छ ।

जोशी (२०७३) द्वारा **बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोध पत्रमा कक्षाा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अध्ययन गर्नु, स्थानीयताका आधारमा ग्रामीण र शहरका विद्यार्थीहरूको सूचनालेखन क्षमताको तुलानात्मक स्थिति पहिल्याउनु र लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको सूचनालेखन क्षमताको तुलानात्मक स्थिति पहिल्याउनु उद्देश्य रहेको छ । उक्त शोध पत्रमा क्षेत्रीय अध्ययन विधि र नमुना छनोट विधि अपनाई सम्पन्न गरिएको शोध पत्रमा १० वटा उच्च मा. वि. छनोट गरी प्रत्येक उच्च मा. वि. बाट १०/ १० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिएको छ । जसमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । निष्कर्षमा लैङ्गिक आधारमा हेर्दा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थी सूचनालेखन क्षमता कमजोर रहेको, नगर विद्यालयका विद्यार्थीहरूको सूचनालेखन क्षमता भन्दा ग्रामीण विद्यालयका विद्यार्थीहरूको सूचनालेखन क्षमता कमजोर रहेको, समग्रमा बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमता राम्रै रहेको निष्कर्ष निकालिएको छ । प्रस्तावित शोधकार्य लेखन क्षमताको अध्ययनमा केन्द्रित भएकाले उक्त पूर्वकार्यसँग सम्बधित रहेको छ । कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूलाई आधार मानेर तयार गरिएको उक्त पूर्वकार्य भन्दा प्रस्तावित शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तावित शोधकार्यको उद्देश्य निर्माण र तालिकीकरण निर्माणमा आधार प्राप्त भएको छ ।

न्यौपाने (२०७३) द्वारा **कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य दाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गर्नु रहेको छ । प्रस्तुत शोध कार्यका लागि नमुना छनोट गर्दा सामुदायिक र संस्थागत गरी १० क्याम्पसहरूबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ । यसमा जनसङ्ख्या छनोट विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । निष्कर्षमा विद्यालयको प्रकृति, स्थानीयता, भाषिक पृष्ठभूमि र लैङ्गिकतालाई आधार मानेर निमन्त्रणापत्र लेखन क्षमता हेर्दा समग्रमा मध्यम रहेको निष्कर्ष निकालिएको छ । उक्त लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तावित शोधकार्य उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित भए तापनि कक्षा र क्षेत्रका आधारमा भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट उद्देश्य निर्माण र निष्कर्षमा पुग्नका लागि केही आधार प्राप्त भएको छ ।

पोखरेल (२०७३) द्वारा **बी. एड. प्रथम बर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन** शीर्षकको शोध पत्र तयार परिएको छ । उक्त शोध पत्रमा बी. एड. प्रथम बर्षमा अध्ययनरत विद्यार्थीहरूको बधाइ लेखन क्षमता पत्ता लगाउनु, क्याम्पसको प्रकृतिका आधारमा बधाइ लेखन क्षमता पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको बधाइ लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, उद्देश्यहरू निर्धारण गरिएको छ । जसमा शोधार्थीले शोध कार्य गर्न सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । शोधकार्यलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतिकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरेको पाइन्छ । प्रस्तुत शोध पत्रमा सम्बधन प्राप्त क्याम्पसका सापेक्षतामा आङ्गिक क्याम्पसका विद्यार्थीहरू बधाइ लेखन क्षमतामा बढी क्षमतावान रहेको तथ्याङ्क देखाइएको छ भने लैङ्गिक

आधारमा छात्रको तुलनामा छात्राहरू बधाइ लेखन क्षमतामा सक्षम छन भन्ने तथ्याङ्क निष्कर्षमा प्रस्तुत गरिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तावित शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित रहेको छ भने कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्नसमेत रहेको । उक्त पूर्वकार्यबाट प्रस्तावित शोधकार्यलाई सामग्री सङ्कलन, तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्नका लागि केही आधार प्राप्त भएको छ ।

पोखेल (२०७३) द्वारा **अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता** शीर्षकको शोधपत्र तयार परिएको छ । उक्त शोधपत्रमा अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त शोध पत्रको उद्देश्यहरू अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताको आधारमा विद्यार्थीहरूको विज्ञापन लेखन क्षमताको तुलना गर्नुक, विज्ञापनाका प्रकारका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको व्यापारिक र पदपूर्ति विज्ञापन लेखन क्षमताको पहिचान गर्नु र स्थानीयताको आधारमा विज्ञापन लेखन क्षमताको स्थिति पहिल्याउनु रहेका छन् । यस शोध पत्रमा १० वटा उच्चमाध्यमिक विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीमा केन्द्रित रहेको पाइन्छ । उक्त शोध कार्यको निष्कर्षमा छात्राको तुलनामा छात्रको विज्ञापन लेखन क्षमताका राम्रो रहेको पाइयो र स्थानीयताका आधारमा ग्रामीण क्षेत्रका विद्यार्थी भन्दा शहरी क्षेत्रका विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता राम्रो रहेका देखिन्छ । निष्कर्षमा उक्त शोधकार्यमा छात्र छात्रा बीचको तुलनात्मक अध्ययन गर्नमा सहयोग पुऱ्याएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तावित शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित हुँदाहुँदै पनि कक्षा र क्षेत्रका आधारमा भिन्नसमेत रहेको । उक्त पूर्वकार्यबाट प्रस्तावित शोधकार्यलाई उद्देश्य निर्माण, अध्ययन विधि छनोट र निष्कर्षमा पुग्नका लागि आधार प्राप्त भएको छ ।

रिमाल (२०७३) द्वारा **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शोध पत्रमा प्रमुख

उद्देश्य कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलानात्मक विश्लेषण गर्नु, भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलानात्मक विश्लेषण गर्नु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलानात्मक विश्लेषण गर्नु, रहेको छ । प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन विधि अन्तर्गत नमुना छनोट, क्षेत्रीय अध्ययन विधि, सामग्री निर्माण र तथ्याङ्क सङ्कलन जस्ता विधिको प्रयोग गरिएको छ । उक्त अध्ययन अनुसार छात्र भन्दा छात्राको निवेदन लेखन क्षमता राम्रो रहेको, दोस्रो भाषी विद्यार्थी भन्दा नेपाली भाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको सामुदायिक विद्यालयको तुलानामा संस्थागत विद्यलयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य लेखन क्षमताकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तावित शोधकार्यसँग सम्बधित रहेको छ । यति हुँदाहुँदै पनि कक्षा पाँचका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्य भन्दा प्रस्तावित शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहको छ । उक्त पूर्वकार्यको अध्ययनबाट प्रस्तावित अध्ययनका क्रममा नमुना छनोट र तथ्याङ्कको व्याख्या विश्लेषणमा सहयोग पुगको छ ।

## २.२ निमन्त्रणापत्रको सैद्धान्तिक परिचय

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । घर परिवार एवम् समाजबाटै सिकिने र समाजमै प्रयोग व्यवहार गरिने भएकाले यसलाई सामाजिक वस्तु वा सम्पतिका रूपमा लिइन्छ । सुरूमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुदैं आयो र क्रमश स्तरीयता प्राप्त गर्न थाल्यो । भाषाका चार सिप रहेका हुन्छन जसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ यी मध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सिप हुन भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सिप हुन यी सिप मध्ये लेखाइ सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विधा मध्ये निमन्त्रणापत्र लेखन पनि एक हो ।

कुनै एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई आवश्यकीय कुराहरू समेटेर लिखित रूपमा पठाउने सन्देशलाई पत्र भनिन्छ ( भुसाल र भट्ट,२०७४/:४७३ ) । पत्रहरू विभिन्न प्रकारका हुन्छन् । वैयक्तिक, कार्यालयीय, व्यापारिक, औपचारिक पत्रका प्रमुख प्रकार हुन् । यी मध्ये वैयक्तिक पत्रमा निजी वा घरेलु विषय अन्तर्भूत हुन्छन भने कार्यलयीय पत्रमा निवेदन सूचना वा जानकारी माग आदि सम्बन्धी विषय सन्निहित हुन्छन् । सन्देशमूलक पत्रअन्तर्गत बधाइ पत्र, समवेदना, शुभकामना, अभिनन्दन, प्रसंशापत्र, विज्ञापनपत्र आदि पर्दछन् जस अन्तर्गत निमन्त्रणापत्र पनि एक प्रमुख पत्रको रूपमा रहेको हुन्छ । पत्र सम्बन्ध व्यापार आदिलाई सशक्त बनाउने आधार हो भने सञ्चारको सशक्त माध्यम हो (अधिकारी , २०६५: १०३) । पत्र सरल, स्पष्ट र प्रभावकारी हुनु पर्दछ जसले पठाउने व्यक्ति वा संस्थाको विशिष्टता र हार्दिकतालाई सङ्केत गरेको हुन्छ ।

लेखाइ सिपका विभिन्न पक्षहरू रहेका हुन्छन् ती पक्षहरू रहेका हुन्छन् ती पक्षहरू मध्य व्यावहारिक लेखन एक महत्त्वपूर्ण कला हो ती कलाहरूमध्येको एक कला निमन्त्रणापत्र लेखन हो । निमन्त्रणापत्र औपचारिक पत्र भेदअन्तर्गत उल्लेख गरिएको पाइन्छ । मुलतः विवाह , भोज, व्रतबन्ध, सभासमारोह, गोष्ठी आदिमा कसैलाई निम्तो दिन तयार पारिने पत्रलाई निमन्त्रणापत्र भनिन्छ (भुसाल र भट्ट, २०७४:४७०) । निमन्त्रणापत्रको आकार संक्षिप्त हुन्छ भने शैली शिष्ट हुन्छ । यसमा कार्यक्रमबारे स्पष्ट सूचना वा जानकारी उल्लेख गरिएको हुन्छ । निमन्त्रणापत्र लेखन प्रक्रिया सामान्य नभइ जटिल हुने हुँदा यो सानो वा तल्ला कक्षामा वा तहमा नभई माथिल्लो तहमा बढी उपयोग गरिन्छ ।

निमन्त्रणा लेखाइ सिप विकासमा सहयोग पुऱ्याउने लेख्य विधा हो । मानव समाजमा पास्नी, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, भोज, सभा, समारोह, गोष्ठी, सेमिनार, आदिका अवसरमा निम्तो दिनका लागि लेखिने पत्र नै निमन्त्रणापत्र हो । यसमा कार्यक्रमबारे स्पष्ट सूचना वा जानकारी उल्लेख गरिएको हुन्छ । यसको आरम्भमा निमन्त्रणापत्र शीर्षक राखी क्रमशः अन्य सूचना राख्न सकिन्छ वा पहिले श्री, श्रीमान्,

सुश्री राखी सम्बोधन उल्लेख गर्न सकिन्छ । त्यस पश्चात विषयवस्तुको जानकारी, कार्यक्रमको जानकारी र कार्यक्रम मिति, स्थान र समयको उल्लेख क्रमशः गरीएको हुन्छ । यसको स्वरूप विभिन्न किसिमको हुन्छ । समाज परिस्थिति अनुसार यसको भाषा पनि अलि फरक हुन्छ । निमन्त्रणापत्र जुनसुकै भए पनि त्यसमा प्रयुक्त भाषा सङ्क्षिप्त, शिष्ट, सभ्य, सुस्पष्ट र सुमधुर हुनु पर्दछ ।

## २.३ निमन्त्रणापत्रका प्रकार

### क) विवाहको निमन्त्रणापत्र

शुभ विवाहको अवसरमा आफ्ना सम्पूर्ण बन्धु, बाधव, आफन्त, इष्टमित्र, छरछिमेकका मानिसहरूको उपस्थितिमा शुभ विवाह सम्पन्न गराउनलाई आमन्त्रण गर्नका लागि दिइने पत्र नै विवाहको निमन्त्रणापत्र भनिन्छ । यसमा कुन स्थान, समयमा, उपस्थितिका लागि बोलाइएको हो सो कुरा स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ ।

### ख) पास्नी निमन्त्रणापत्र

सामन्यतयः बच्चा जन्मिएको ५ महिनामा छोरीको भात खुवाउने र ६ महिनामा छोराको भात खुवाउने गरिन्छ जसलाई पास्नी भनिन्छ । भात खुवाउनका लागि आफ्ना नजिकका आफन्तजन साथीभाइ वा छरछिमेकीलाई पास्नी कार्यक्रममा सरिक हुनका लागि आमन्त्रण गर्नका लागि निमन्त्रणापत्र लेखिन्छ । यस्तो निमन्त्रणापत्रमा मिति, स्थान समयका साथै कस्को पास्नी हुन लागेको हो भन्ने कुराको स्पष्टता रहन्छ ।

### ग) भोज सम्बन्धी निमन्त्रणापत्र

कुनै विशेष अवस्था वा चाहेको उचित प्रगति भएमा वा पदोन्नति गरेको खुसियालीमा खुसी साटासाट गर्ने अवसरमा आफ्ना नजिकका आफन्तजन, मान्यजन तथा इष्टमित्रलाई उपस्थित हुनका लागि लेखिने पत्रलाई भोज सम्बन्धी निमन्त्रणापत्र भनिन्छ । यस्तो निमन्त्रणापत्रमा भोजको आयोजना कहिले कुन समयमा कहाँ कसले के को उपलक्ष्यमा गर्न लागेको हो सम्पूर्ण विवरण उल्लेख गरी लेख्ने गरिन्छ ।

### घ) व्रतबन्धको निमन्त्रणापत्र

हिन्दु परम्पराअनुसार शुरूमा जनै लगाउने दिनलाई व्रतबन्ध भनिन्छ । यसमा आफ्ना नातागोता साथीभाइ, इष्टमित्र, शुभचिन्तक आदिलाई त्यस कार्यक्रममा उपस्थिति भइ आशीर्वाद प्रदान गर्नका लागि लेखिने पत्रलाई व्रतबन्ध निमन्त्रणापत्र भनिन्छ । यसमा व्रतबन्धको समय, मिति, स्थान र आयोजकको नाम लेख्नुपर्ने हुन्छ ।

### ङ) वार्षिकोत्सवको निमन्त्रणापत्र

कुनै पनि संघ संस्थाले आफ्नो स्थापना भएको वर्ष दिन पुगेपछि मनाउने कार्यक्रममा संस्थाका सदस्य सहित उक्त संस्थासँग सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्तिहरूको उपस्थितिका लागि लेखिएको पत्रलाई वार्षिकोत्सवको निमन्त्रणापत्र भनिन्छ । यस्तो निमन्त्रणापत्रमा कार्यक्रमहरू मिति, स्थान र समय उल्लेख गरिएको हुन्छ भने कुन संस्थाको वार्षिकोत्सव मनाउने हो सो पनि निमन्त्रणापत्रमा उल्लेख गरिन्छ ।

### च) उद्घाटन सम्बन्धी निमन्त्रणापत्र

कुनै पनि विशेष कार्यको उद्घाटनका क्रममा त्यस कार्यक्रमलाई शोभा बढाउनका लागि आयोजकले विशिष्ट व्यक्तिहरूलाई आमन्त्रण गर्नका लागि लेखिने पत्र उद्घाटन सम्बन्धी निमन्त्रणापत्र हो । यसमा कार्यक्रम उद्घाटन हुने मिति, स्थान, समय आदि उल्लेख गरिएको हुन्छ ।

### छ) सभा समारोहको निमन्त्रणापत्र

कुनै पनि एक मुख्य विषयमा केन्द्रित रहेर कार्यक्रमको आयोजना गरी उक्त समारोहका सरोकारवाला व्यक्तिहरूलाई उक्त कार्यक्रममा अनिवार्य उपस्थिति भई उक्त कार्यक्रमप्रति लागेका जिज्ञासा सोधी शोभा बढाइदिनका लागि लेखिने पत्रलाई नै सभा समारोह निमन्त्रणापत्र भनिन्छ । यसमा सभा समारोह आयोजना गर्ने व्यक्ति वा संस्थाको नाम उपस्थिति हुनुपर्ने स्थान, मिति, समय उल्लेख गरिएको हुन्छ ।

## ञ) पूजा सम्बन्धी निमन्त्रणापत्र

व्यक्तिले कुनै विशेष अवसरहरूमा पूजाको आयोजना गरी पूजामा समावेश हुनका लागि आफ्ना नजिकका व्यक्तिहरूलाई आमन्त्रण गर्नु नै पूजा सम्बन्धी निमन्त्रणापत्र हो । यसमा कार्यक्रम हुने मिति, समय, स्थान आदि उल्लेख गरिएको हुन्छ ।

## झ) मृत्यु संस्कार सम्बन्धी निमन्त्रणापत्र

मानिसको मृत्युपछि जुठो चोखाउने संस्कारलाई नै मृत्यु संस्कार भनिन्छ । मानवीय संस्कृति अनुसार वा रितिरिवाज अनुसार मृत्यु संस्कारमा समावेश हुनका लागि आफ्ना नजिकका आफन्तजनलाई आमन्त्रण गर्नु नै मृत्यु संस्कार सम्बन्धी निमन्त्रणापत्र हो । यसमा मृत व्यक्तिको नाम, कार्यकम हुने समय, मिति, स्थान आदि उल्लेख गरिएको हुन्छ ।

## ३) निमन्त्रणापत्र लेख्दा ध्यान दिनुपर्ने कुराहरू

निमन्त्रणापत्र लेख्दा ध्यान दिनु पर्ने कुराहरू यसप्रकार छन :

- निमन्त्रणापत्रको आरम्भ श्रीमान्/ श्रीमती / सुश्री/ माननीय आदि सम्बोधन सूचक शब्दबाट गरेर सम्बन्धीत व्यक्तिको नाम लेख्नुपर्छ
- दोस्रो क्रममा विषयवस्तुको जानकारी गराएर सम्बोधित व्यक्तिलाई उपस्थिति भइदिन अनुरोध गर्नुपर्छ
- तेस्रो क्रममा कार्यक्रमका बारेमा जानकारी दिनुपर्छ
- चौथो क्रममा कार्यक्रम हुने मिति समय र स्थानको उल्लेख गर्नुपर्छ
- अन्त्यमा आयोजक, दर्शनाभिलाषी, प्रार्थी आदि मध्य यथोचित कुनै एक शब्दको प्रयोग गरी निम्तो दिने व्यक्ति, संस्था वा समितिको नाम उल्लेख गर्नुपर्छ ।

## ४)	लेखन सिप विकासमा निमन्त्रणापत्रको स्थान र भूमिका

भाषाका दुई रूप हुन्छन् मौखिक र लिखित मनका अन्तर भावनाहरूलाई पनि सङ्केतका माध्मले अभिव्यात्क गर्दा मौखिक भाषा र ध्वनि सङ्केतहरूलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकेको स्थितिमा लेखनको साहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुदैँन । आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू सक्षम प्रस्तुत गर्न सम्झनामा राखी राख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्छ ।

भाषिक सिप अन्तर्गतको लेखाइ सिप विकासको लागि निमन्त्रणापत्र लेखनले पनि ठूलो स्थान र भूमिका रहेको छ । निमन्त्रणा लेखन व्यावहारिक लेखनको एक महत्त्वपूर्ण र उत्तम कला हो । यसको लेखन स्वतन्त्र र निर्देशित रूपमा रहेको हुन्छ । यो औपचारिक रूपमा लेखिने एक व्यावहारिक रचना हो । निमन्त्रणापत्र कुनै पनि विशेष अवसरमा आफ्ना आफन्तजन, इष्टमित्रलाई सहभागी भइ त्यस अवसरको रोनक बढाउन लागि आमन्त्रण गर्ने एक माध्यम हो । यसमा कुन कार्यक्रमको लागि सहभागी हुने भन्ने जानकारीका साथै त्यस कार्यक्रमको समय, मिति, स्थान आदि उल्लेख गरिएको हुन्छ । निमन्त्रणापत्र लेखन सिर्जनात्मक लेखन हो । यसबाट विद्यार्थीहरूमा शिष्ट, सभ्य, ओजपूर्ण भाषाको प्रयोग गरी स्पष्ट र शुद्ध लेखन सिपको विकास हुन्छ ।

# अध्याय तिन

# अध्ययनविधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग हुन्छ । कुनै पनि अध्ययनका लागि अपनाइने विभिन्न तौर तरिकालाई विधि भनिन्छ । जुन विधिले अनुसन्धान कार्यलाई सजिलोसँग निष्कर्षमा पुऱ्याउन सहयोग गर्दछ । प्रस्तुत अनुसन्धान कार्यलाई सुरुदेखि अन्त्यसम्म पुऱ्याउने विधि एवम प्रकियाको रूपरेखालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ३.१.१ जनसङ्ख्या र अध्ययनको क्षेत्र

प्रस्तावित शोधकार्यको अध्ययनका लागि कपिलवस्तु जिल्लाका २०७४ सालमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई सम्पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.१.२ प्रतिनिधि नमुना

नमुना छनोटका लागि कपिलवस्तु जिल्लाका सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन गर्न सम्भव नहुने हुनाले कपिलवस्तु र वाणगंगा नगरपालिकाका ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयलाई छनोट गरिने छ । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्यबाट फरक लिङ्ग, विद्यालय प्रकृतिको आधारमा र भाषिक पृष्ठभूमिका आधारमा प्रत्येक विद्यालयबाट १० /१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरू नमुनाको रूपमा छनोट गरिने छ । जस अन्तर्गत ५० जना छात्र र ५० जना छात्रालाई लिएको, ५० जना नेपाली भाषी र ५० जना अन्य भाषी विद्यार्थीलाई लिइएको छ भने संस्थागत विद्यालयबाट ५० जना र सामुदायिक विद्यालयबाट ५० जना विद्यार्थीलाई लिइएको छ ।

### ३.१.३ तथ्याङ्क सङ्कलनका साधनहरू

उक्त शोध कार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्री अवलम्बन गरिएको छ ।

(क) **प्राथमिक स्रोतका सामग्रीहरू**

प्रस्तावित अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि क्षेत्रीय अध्ययन विधिमा अनुसन्धानसँग सम्बन्धित क्षेत्रमै गएर त्यहाँको वस्तुस्थितिको बारेमा अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्य पनि कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा रहेका हुदा कपिलवस्तु जिल्लाका सम्बन्धित विद्यालयमै गएर विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको 'विद्यालयको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् ।' र 'छोराको व्रतबन्ध कार्यक्रममा उपस्थिति हुनका लागि आफ्ना आफन्तजनहरूलाई एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् ।' प्रश्नावलीको आधारमा अध्ययन गरिएको छ ।

(ख) **द्वितीयक स्रोत**

द्वितीयक स्रोत सामग्री सङ्कलनका लागि पाठ्य सामग्री पत्र पत्रिका, शोध पत्रहरू, सन्दर्भपुस्तक खोजी गरेर अध्ययन गरिएको छ । प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि शोध निर्देशक, विषय शिक्षक र साथीहरूको पनि सहयोग लिइएको छ ।

### ३.१.४ सामग्रीको मानकीकरण

प्रस्तावित शोधकार्यका लागि प्रथामिक स्रोत र द्वितीयक स्रोतका विषयवस्तुसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरूको उपयोग गरिएको छ । सामग्री निर्माण गर्दा शोध निर्देशक, विषय विशेषज्ञ, साथीहरू लगायत सम्बन्धित व्यक्तिहरूको सल्लाह लिई शोधकार्यलाई अगाडि बढाएको छ । निमन्त्रणापत्र लेखनका लागि वार्षिकोत्सव, व्रतबन्ध, समारोह, पास्नी, मृत्यु संस्कार आदिका लागि लेखिने निमन्त्रणापत्रको नमुना प्रश्नहरू बनाइ बनाइएका प्रश्नहरू सम्बन्धित शोध निर्देशक, विषय विशेषज्ञ, सम्बन्धित विद्यालय प्रध्यानाध्यापक र सम्बन्धित विषय शिक्षकलाई देखाई उचित प्रश्न पत्रको छनोट गरिएको छ । जसअन्तर्गत दृष्टांश अन्तर्गतको प्रश्न 'विद्यालयको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् ।' रहेको छ भने अदृष्टांश अन्तर्गतको प्रश्न छोराको

व्रतबन्ध कार्यक्रममा उपस्थिति हुनका लागि आफ्ना आफन्तजनहरूलाई एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् ।' प्रश्नावलीको आधारमा अध्ययन गरिएको छ ।

### ३.१.५ परीक्षण कार्यान्वन

प्रस्तुत शोधकार्य अध्ययनका लागि सामग्रीलाई अन्तिम रूप प्रदान गरी परीक्षा सञ्चालन गरिएको छ । परीक्षा सञ्चालनका क्रममा आवश्यक निर्देशन दिई विद्यार्थीहरूलाई स्वच्छ, शान्त र मर्यादित वा उचित वातावरण निर्माण गरी परीक्षा सञ्चालन गरिएको छ । उत्तरपुस्तिका परीक्षा गर्ने क्रममा सम्बोधनमा ८ अङ्क, विषयवस्तु र भाषाशैलीमा २० अङ्क, वर्णविन्यासमा ६ अङ्क, मध्य वा स्थान निर्धारणमा ८ अङ्क र अन्त्य वा प्रार्थीमा ८ अङ्क गरी जम्मा दुई प्रश्नका लागि ५० पूर्णाङ्कमा आधारित भएर मूल्याङ्कन गरिएको छ ।

### ३.१.६ तथ्याङ्क सङ्कलन

प्रस्तावित अध्ययनका लागि सम्पन्न गरिएको परीक्षापछि विद्यार्थीले दिएका उत्तरपुस्तिकाबाट निकालिएको प्राप्ताङ्क नै शोधको तथ्याङ्क रहेको छ । तथ्याङ्क सङ्कलनलाई उत्तर पुस्तिकाका आधारमा प्राप्ताङ्कलाई विभिन्न उपशीर्षकहरू अतिउत्तम, उत्तम, मध्यम र निम्न गरी तिन तहमा विभाजन गरी अध्ययन गरिएको छ । यस अन्तर्गत अतिउत्तमलाई (७५ प्रतिशत भन्दा माथि), उत्तम (६० देखि ७४प्रतिशत सम्म), मध्यमलाई (४० देखि ५९ सम्म), निम्नलाई (० देखि ३९ सम्म) अङ्क प्रदान गरिएको छ । जसमा लैङ्गिकता, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिको आधारमा समूहमा विभाजन गरी अलग अलग रूपमा राखिएको छ ।

### ३.१.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तावित अध्ययन कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति के-कस्तो छ भन्ने कुराको वर्णनात्मक तरिकाले विभिन्न शीर्षक अनुसार छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ । यसमा साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरी उक्त तथ्यहरू विश्लेषणका लागि विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकालिएको छ । उक्त अङ्कलाई स्थानीय भाषिक पृष्ठभूमि,

लैङ्गिकता, विद्यालयको प्रकृति आदिका आधारमा विद्यार्थीको प्राप्ताङ्कमा के-कस्तो भिन्नता रहेका छन भनेर जान्नका लागि मानक विचलनको अधारमा पनि व्याख्या गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निम्नानुसार सूत्रको प्रयोग गरिएको छ :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

# अध्याय चार

## समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

### ४.१ समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता स्थिति

यस अध्ययनमा कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिका भित्रका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता पत्ता लगाउने उद्देश्य राखिएको छ । कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिका भित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ । १०० जना विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई सामग्रीका रूपमा सङ्कलन गरिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता निम्नानुसार रहेको छ ।

तालिका नं. १

**समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १० | १० | ४१ | ४१ | ३४ | ३४ | १५ | १५ |


माथि तालिका अनुसार अध्ययनको छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा (अतिउत्तम, उत्तम, मध्यम, निम्न) गरी विभाजन गरिएको छ । जस अनुसार निम्न(०– ३९ प्रतिशत) श्रेणीमा १० वा १० प्रतिशत

अङ्क ल्याउने विद्यार्थी रहेका छन भने मध्यम (४०– ५९ प्रतिशत) श्रेणीमा ४१ वा ४१ प्रतिशत अङ्क ल्याउने विद्यार्थी रहेका छन भने उत्तम (६०–७४ प्रतिशत) श्रेणीमा ३४ वा ३४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी रहेका छन् । त्यसैगरी अतिउत्तम (७५ प्रतिशत भन्दा माथि) श्रेणीमा १५ वा १५ प्रतिशत रहेको छ ।

यसरी माथिको तालिका अनुसार ३९ प्रतिशत सम्म अङ्क ल्याउने विद्याथी सख्या जम्मा १० जना रहेको पाइन्छ । मध्यममा वा ४० देखि ५९ प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सबै भन्दा धेरै ४१ जना रहेका छन् भने उत्तममा वा ६० देखि ७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३४ रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा निम्न र अतिउत्तम भन्दा मध्यम र उत्तम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेको छ । यस तथ्याङ्कलाई समग्रमा हेर्दा कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति सन्तोषजनक रहेको पाइयो ।

**स्तम्भ चित्र नं. १**


**समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**



माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

वृत्तचित्र नं. १

**समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**




माथिको वृत्त चित्रअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई डिग्रीमा लैजाँदा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या वा प्रतिशत १० रहेको छ जसलाई डिग्रीमा निकाल्दा ३६ डिग्री रहेको छ भने ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ४१ जना रहेका छन् जसलाई डिग्रीमा परिणत गर्दा १४७.७ डिग्री रहेको छ । ६०-७४ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ३४ जना रहेका छन् जुन डिग्रीअनुसार १२२.४ डिग्री रहेको छ । त्यसैगरी ७४ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ जना रहेका छन् यसलाई डिग्रीमा लैजादा ५४ डिग्री रहेको छ । यसरी हेर्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूले ३९ प्रतिशत १० जनाले ल्याएका छन् भने सबैभन्दा धेरै अङ्क ७५ प्रतिशत ल्याउने विद्यार्थी १५ जना रहेका छन् । सबैभन्दा धेरै विद्यार्थीहरूले ४०-४९ प्रतिशत ४१ जना विद्यार्थीले ल्याएका छन् । यसअनुसार नतिजा सन्तोषजनक रहेको मान्न सकिन्छ ।

### ४.१.१ मध्यमान र मानक विचलनको आधारमा समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई कपिलवस्तु जिल्लाका विद्यार्थीहरूको जनसङ्ख्या प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता पत्ता लगाउन मध्यमान र मानक विचलनको पनि सहयोग लिइएको छ ।

तालिका नं. २

मध्यमान र मानक विचलनको आधारमा समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २९.४ | ८.१४ | ५३ | ५३ | ४७ | ४७ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको मध्यमान २९.४ र समग्र मानक विचलन ८.१४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि निमन्त्रणापत्र लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५३ जना अर्थात् ५३ प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा तल ४७ जना अर्थात् ४७ प्रतिशत पाइनुले समग्रमा विद्यार्थीहरूको मध्यमानभन्दा माथिको सङ्ख्या बढी विद्यार्थीहरूको रहेको देखिन्छ । त्यसैले निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका विभिन्न आधारहरू रहेका छन् । जसमा लैङ्गिक आधारलाई पनि एक प्रमुख आधारको रूपमा रहेको छ । ५ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयबाट प्रत्येक विद्यालयबाट ५ जना छात्रा ५ जना छात्र गरी १०० जना विद्यार्थीहरूमा ५० जना छात्रा ५० जना छात्र रहेका छन् । यी छात्र र छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमता व्याख्या र विश्लेषण तल तालिकामा छुट्टाछुट्टै रूपमा स्पष्ट पारिएको छ ।

## ५.१ छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

### ५.१.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

यस अध्ययनमा कपिलवस्तु जिल्लाका ५ वटा सामुदायिक ५ वटा संस्थागत विद्यालयलाई छनोट गरिएको छ । प्रत्येक विद्यालयबाट ५/५ जना छात्राहरू प्रतिनिधि जनसङ्ख्या छनोटको रूपमा लिई निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ :

तालिका नं. ३

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | २० | ४० | १४ | २८ | १० | २० |

माथिको तालिकाअनुसार कपिलवस्तु जिल्लाका ५० जना छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता यस्तो रहेको छ । जसलाई चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीमा ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरू रहेका छन् । ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ प्रतिशत १२ रहेको छ । मध्यम श्रेणीमा ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरू रहेका छन् । ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० रहेको छ भने उत्तम श्रेणीमा ६०-७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरू १४ जना अर्थात् २८ प्रतिशत रहेको छ । त्यसैगरी अति उत्तम श्रेणीमा ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थीहरू रहेका छन् । ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १० प्रतिशत २० रहेको । यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ । उक्त तथ्याङ्कलाई स्तमभ चित्रमा निम्नानुसार रहेको छ ।

**स्तम्भ चित्र नं. २**


**छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

**वृत्त चित्र नं. २**

**डिग्रीका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको वृत्त चित्रअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति डिग्रीअनुसार चार निम्न, मध्यम, उत्तम, अति उत्तम श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणी ०-३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा ४३.२ डिग्री छन् भने मध्यम श्रेणी ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४० प्रतिशतलाई डिग्रीमा लैजादा १४४ डिग्री रहेको छ । उत्तम श्रेणीअन्तर्गत ६०-७४ प्रतिशत ल्याउने विवद्यार्थी सङ्ख्या २८ प्रतिशत रहेको छ भने यसलाई डिग्रीमा रूपान्तरण गर्दा १००.८ डिग्री हुन आउँछ भने अति उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २० प्रतिशत रहेको छ । यसलाई डिग्रीमा रूपान्तरण गर्दा ७२ डिग्री हुन आउँछ । समग्रमा हेर्दा निम्न श्रेणीभन्दा मध्यम, उत्तम र अति उत्तम श्रेणीमा विद्यार्थी सङ्ख्या वा प्रतिशत बढी रहेकाले छात्रा विद्यार्थीहरूको नतिजा मध्यम मान्न सकिन्छ ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता स्थिति

कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिका ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयहरूबाट ५० जना छात्राहरूलाई प्रतिनिधि जनसङ्ख्या छनोटका रूपमा लिइएको छ । यी छात्राहरूको निमन्त्रणापत्र लेखनलाई आधार मानेर मध्यमान र मानक विचलनको आधारमा नतिजा विश्लेषण गरिएको छ ।

तालिका नं. ४

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २९.२ | ७.८८ | २४ | ४८ | २६ | ५२ |

माथिको तालिकाअनुसार मध्यमान २९.२ र मानक विचलन ७.८८ रहेको छ । यस तथ्याङ्कअनुसार मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ वा प्रतिशत ४८ रहेको छ भने मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ वा प्रतिशत ५२ रहेको छ । यसअनुसार नतिजा विश्लेषण गर्दा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीभन्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या वा प्रतिशत बढी रहेकाले नतिजा सन्तोषजनक मान्न सकिन्छ ।

## ५.२ छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

### ५.२.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

प्रस्तुत अध्ययनमा कपिलवस्तु जिल्लाका कपिलवस्तु र वाणगंगा नगरपालिकाका ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयहरूबाट ५० जना छात्रहरू प्रतिनिधि

जनसङ्ख्याका रूपमा रहेका छन् । ती विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क स्थितिको विश्लेषण तालिकामा प्रस्ट पारिएको छ :

तालिका नं. ५


**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | २१ | ४२ | २० | ४० | ५ | १० |

माथिको तालिकाअनुसार प्रतिशतका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता चार श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीमा ०-३९ प्रतिशतसम्म ल्याउने विद्यार्थी सङ्ख्या४ र प्रतिशत ८ रहेको छ । मध्यम श्रेणीमा ४०-५९ सम्म ल्याउने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको छ भने उत्तम श्रेणीमा ६०-७४ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ । त्यसैगरी अतिउत्तम श्रेणीमा ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ । यसरी समग्रमा हेर्दा निम्न र अति उत्तमभन्दा मध्यम र उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू सङ्ख्या र प्रतिशत मध्यममा २१ जना प्रतिशत ४२ र उत्तममा २० जना प्रतिशत ४० रहेकाले कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन राम्रो रहेको छ ।

**स्तम्भ चित्र नं. ३**


**छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

**वृत्तचित्र नं. ३**

**डिग्रीका आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



प्रस्तुत वृत्त चित्रअनुसार २९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ प्रतिशत ८ लाई डिग्रीमा रूपान्तरण गर्दा २८.८ डिग्री रहेको छ । त्यसैगरी ४०-५९ प्रतिशतमा विद्यार्थी सङ्ख्या २१ प्रतिशत ४२, १५१.२ डिग्री, ६० देखि ७४ प्रतिशतमा विद्यार्थी सङ्ख्या २० प्रतिशत ४०, १४४ डिग्री, ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ प्रतिशत १० डिग्री ३७ रहेको छ । यसरी समग्रमा निम्न भन्दा पनि मध्यम र उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै हुनाले कपिलवस्तु जिल्लाका छात्रहरूको नतिजा राम्रो मान्न सकिन्छ ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका नं. ६

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८.७ | ६.३८ | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार जम्मा ५० जना विद्यार्थीहरूको कुल प्राप्ताङ्क १४४० रहेको छ भने मध्यमान २८.७ रहेको छ । यसको मानक विचलन ६.३८ रहेको छ । मानक विचलनलाई आधार मानेर हेर्दा छात्रहरूमा सिकाइ प्रकृति विविध रहेको छ । मध्यमानलाई हेर्दा मध्यमानभन्दा माथि ५४ प्रतिशत र मध्यमानभन्दा तल ४६ प्रतिशत विद्यार्थीहरूको प्राप्ताङ्क भएकाले पनि छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.३ छात्रा र छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना छात्रा ५०

जना छात्र विद्यार्थीहरूलाई  प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।  छात्रा र छात्रहरूले लेखेका निमन्त्रणापत्रलाई आधार मानेर लैङ्गिक अधारमा छात्रा र छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना गरिएको छ ।

**तालिका नं. ७**

**छात्रा र छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति**

| लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्रा | ५० | २४ | ४८ | २६ | ५२ |
| छात्र | ५० | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार छात्रा र छात्र विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि २४ वा ४८ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल २६जना वा ५२ प्रतिशत रहेको देखिन्छ । छात्र विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि २३ वा ४६ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल २७ वा ५४ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा छात्र विद्यार्थीरूको तुलनामा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय छ

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू भाषिक पृष्ठभूमिका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि प्रतिनिधि जनसङ्ख्या छनोटमा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा मातृभाषी विद्यार्थीहरू ५० जना र गैर मातृभाषी विद्यार्थीहरू ५० जना रहेका छन् । मातृभाषी विद्यार्थी र गैर मातृभाषी विद्यार्थीहरूको व्याख्या विश्लेषण प्रतिशत, स्तम्भ चित्र, वृत्तचित्र र मध्यमान र मानक विचलनको आधारमा गरिएको छ ।

## ६.१ मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

### ६.१.१ प्रतिशतका आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका नं. ८

प्रतिशतका आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | २० | ४० | १८ | ३६ | ९ | १८ |


माथिको तालिकाअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता प्रतिशतका आधरामा चार (निम्न, मध्यम, उत्तम, अति उत्तम) श्रेणीमा विभाजन गरिएको छ । निम्न श्रेणीमा ०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ६ रहेको छ । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ । उत्तम श्रेणीमा ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ र प्रतिशत ३६ रहेको छ भने अति

उत्तम श्रेणीमा ७५ देखि माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ र प्रतिशत १८ रहेको छ । समग्र निम्न श्रेणीअन्तर्गत विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ६ रहेको छ भने मध्यममा ४० प्रतिशत, उत्तममा ३६ र अतिउत्तममा १८ प्रतिशत रहेको हुँदा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो मान्न सकिन्छ ।

माथिको प्रतिशतलाई स्तम्भ चित्र अनुसार देखाउँदा

**स्तम्भ चित्र नं. ४**


**मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

**वृत्तचित्र नं. ४**

**डिग्रीका आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको वृत्तचित्रअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नतिजा विश्लेषण डिग्रीअनुसार चार श्रेणीमा विभाजन गरी गरिएको छ । निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ भने डिग्रीमा लैजादा २१.६ डिग्री रहेको छ । ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४० प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा १४४ डिग्री हुन आउँछ भने ६०-७४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३६ प्रतिशत रहेको छ । त्यसैगरी ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ प्रतिशतलाई डिग्रीमा हेर्दा ६४.८ डिग्री हुन आउँछ । यसरी समग्रमा ०-३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ प्रतिशत रहेको छ भने ७५ प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १८ प्रतिशत डिग्री ६४.८ रहेको छ । यसलाई नै आधार मानेर हेर्दा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

भाषिक आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति उक्त तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ९

**मध्यमान र मानक विचलनका आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३० | ७.४१६ | २३ | ४६ | २७ | ५४ |

उपरोक्त तालिकाअनुसार कपिलवस्तु जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन अन्तर्गतको कुल प्राप्ताङ्क १५०० रहेको छ । यसको मध्यमान ३० रहेको छ भने मानक विचलन ७.४१६ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ र प्रतिशत ५४ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ र प्रतिशत ४६ रहेको छ। मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या भन्दा मध्यमानभन्दा बढी ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले नै मातृभाषी विद्यार्थीहरूको नतिजा राम्रो रहेको मान्न सकिन्छ ।

## ६.२ गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

कपिलवस्तु जिल्लाका कपिलवस्तु र वाणगंगा नगरपालिका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना गैरमातृभाषी विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेको निमन्त्रणापत्रलाई आधार बनाएर गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन

क्षमताको अध्ययन गरिएको छ । गैरमातृभाषी विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

### ६.२.१ प्रतिशतका आधारमा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका नं. १०


प्रतिशतका आधारमा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७ | १४ | २० | ४० | १५ | ३० | ८ | १६ |

तालिकाअनुसार ५० जना गैरमातृभाषी विद्यार्थीहरू रहेका छन् । जसमा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छ भने ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र ४० प्रतितशत रहेको छ । ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ र ३० प्रतिशत रहेको छ । ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ र प्रतिशत १६ रहेको छ । समग्रमा निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या सबैभन्दा कम र सबैभन्दा बढी ४० देखि ५९ अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० अर्थात् प्रतिशत ४० रहेकोले गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ । प्रतिशताङ्क तालिकाअनुसार स्तम्भ चित्र यसप्रकार रहेको छ ।

स्तम्भ चित्र नं. ५


गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

वृत्तचित्र नं. ५

डिग्रीका आधारमा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता



प्रस्तुत वृत्तचित्र अनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा डिग्री निकाली चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ प्रतिशत डिग्रीमा रूपान्तरण गर्दा ५०.४ डिग्री हुन आउँछ भने मध्यम श्रेणीमा ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ४० प्रतिशत, १४४ डिग्री रहेको छ । उत्तम श्रेणीमा ६०-७५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० प्रतिशत डिग्री १०८ डिग्री रहेको छ भने त्यसैगरी अति उत्तम श्रेणीमा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ प्रतिशत, ५७.६ डिग्री रहेको छ । समग्रमा हेर्दा निम्न श्रेणी भन्दा मध्यम, उत्तम र अति उत्तम श्रेणीमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै हुनाले गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

भाषिक आधारमा निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गर्ने क्रममा गैरमातृभाषीको अध्ययन गरिएको छ । जसलाई मध्यमान र मानक विचलनको आधारमा प्रस्ट पारिएको छ :

तालिका नं. ११

**मध्यमान र मानक विचलनका आधारमा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८ | ७.२१ | २९ | ५८ | २१ | ४२ |

माथि तालिकामा गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमान र मानक विचलनअनुसार गरिएको छ । जसमा ५० जना विद्यार्थीहरूको कुल अङ्क १४०० रहेको छ । यसमा मध्यमान २८ रहेको छ भने मानक विचलन ७.२१ रहेको छ । मध्यमानका आधारमा ५८ प्रतिशत विद्यार्थी सङ्ख्या मध्यमानभन्दा माथि अङ्क ल्याउने छन् भने ४२ प्रतिशत विद्यार्थी सङ्ख्या मध्यमानभन्दा कम अङ्क ल्याउने रहेका छन् । अतः मध्यमानभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्याको तुलनामा मध्यमानभन्दा माथि अङ् ल्याउने विद्यार्थी बढी भएकाले गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

## ६.३ मातृभाषी र गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना मातृभाषी ५० जना गैरमातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । मातृभाषी र गैरमातृभाषी विद्यार्थीहरूले लेखेका निमन्त्रणापत्रलाई आधार मानेर भाषिक अधारमा मातृभाषी र गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ ।

तालिका नं. १२

**मातृभाषी र गैरमातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति**

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| मातृभाषी | ५० | २३ | ४६ | २७ | ५४ |
| गैरमातृभाषी | ५० | २९ | ५८ | २१ | ४२ |

माथिको तालिकाअनुसार मातृभाषी र गैरमातृभाषी विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा मातृभाषी विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि २३ वा ४६ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल २७ वा ५४ प्रतिशत रहेको देखिन्छ । गैरमातृभाषी विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि २९ वा ५८ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल २१ वा ४२ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा मातृभाषी विद्यार्थीहरूको तुलनामा गैरमातृभाषी विद्याथीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय सात

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन

कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि नमुना जनसङ्ख्या छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा ५० जना सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरू रहेका छन् भने ५० जना संस्थागत विद्यालय विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययनको आधारहरू प्रतिशताङ्क, स्तम्भ चित्र, वृत्तचित्र, मध्यमान र मानक विचलन रहेका छन् ।

### ७.१ संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

#### ७.१.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका नं. १३

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता


| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | १२ | २४ | २० | ४० | १२ | २४ |

माथिको तालिकाअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ । निम्न श्रेणीमा ०-३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत १२ रहेका छन् । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशत २४ रहेका छन् । उत्तम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क

ल्याउने विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० रहेको छ । त्यसैगरी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ रहेको छ । समग्रमा सबैभन्दा कम निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ प्रतिशत रहेको छ भने सबैभन्दा बढी उत्तम श्रेणीअन्तर्गत ६०-७४ अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० रहेकाले संस्थागत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र नं. ६**


**संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

### वृत्तचित्र नं. ६

### डिग्रीका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता




माथिको वृत्तचित्रअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ। निम्न श्रेणीअन्तर्गत ०-३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत डिग्रीमा रूपान्तरण गर्दा ४३.२ डिग्री हुन आउँछ। मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ प्रतिशतलाई डिग्रीमा लैजादा ८६.४ डिग्री हुन आउँछ भने उत्तम श्रेणीअन्तर्गत ६०-७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४० प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा १४४ डिग्री हुन आउँछ। त्यसैगरी अति उत्तम श्रेणीअन्तर्गत ७५ देखि माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा ८६.४ डिग्री हुन आउँछ। यसरी डिग्रीअनुसार संस्थागत विद्यालयको अध्ययन गर्दा निम्न श्रेणीअन्तर्गत १२ प्रतिशत विद्यार्थी सङ्ख्या डिग्री ४३.२ डिग्री रहेको छ भने सबैभन्दा धेरै अङ्क उत्तम श्रेणीमा १४४ डिग्री रहेकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ।

### ७.१.२ मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

विद्यालय प्रकृतिका आधारमा कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । प्रतिनिधि जनसङ्ख्या रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थीहरू संस्थागत विद्यालयअन्तर्गत रहेका छन् । जसलाई मध्यमान र मानक विचलनका आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका नं. १४

मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २९.७४ | ९.३७६ | ३२ | ६४ | १८ | ३६ |

उपरोक्त तालिकाअनुसार संस्थागत विद्यालयको विद्यार्थीहरूको प्राप्त अङ्क जम्मा १४८७ रहेको छ भने मध्यमान २९.७४ रहेको छ । मानक विचलन ९.३७६ रहेको छ । संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ६४ प्रतिशत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमानभन्दा माथि छ भने ३६ प्रतिशत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमानभन्दा तल छ । यसलाई आधार मानेर हेर्दा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ७.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

### ७.२.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

तालिका नं. १५


प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता

| जम्मा विद्यार्थी सङ्ख्या | ०–३९ प्रतिशत अङ्क ल्याउने | | ४० –५९ प्रतिशत अङ्क ल्याउने | | ६०–७४ प्रतिशत अङ्क ल्याउने | | ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७ | १४ | २८ | ५६ | १२ | २४ | ३ | ६ |

माथिको तालिकाअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ । निम्न श्रेणी अन्तर्गत ०-३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७ प्रतिशत १४ रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या२८ प्रतिशत ५६ रहेको छ । उत्तम श्रेणी ६०-६४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ रहेको छ भने अति उत्तम श्रेणी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ प्रतिशत ६ रहेको छ । समग्रमा निम्न र अति उत्तमभन्दा मध्यम श्रेणी अन्तर्गतको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ र प्रतिशत ५६ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र नं. ७**


**सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्त चित्रमा देखाउँदा

**वृत्तचित्र नं. ७**

**डिग्रीका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता**



उक्त वृत्त चित्रअनुसार कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा डिग्री निकाली चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणी ०-३९ प्रतिशतअन्तर्गत विद्यार्थी सङ्ख्या ७ प्रतिशत १४ डिग्री ५०.४ रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशतअन्तर्गत विद्यार्थी सङ्ख्या २८ प्रतिशत ५६ डिग्री २०१.६ रहेको छ । उत्तम श्रेणी ६०-७४ प्रतिशतअन्तर्गत विद्यार्थी सङ्ख्या १२ प्रतिशत २४ डिग्री ६४ रहेको छ भने अति उत्तम श्रेणीअन्तर्गत ७५ प्रतिशत विद्यार्थी सङ्ख्या ३ प्रतिशत ६ डिग्री २१.६ रहेको छ । समग्रमा हेर्दा निम्न अङ्क प्राप्त गर्ने र अति उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या कम रहेको मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

### ७.२.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

विद्यालय प्रकृतिका आधारमा कपिलवस्तु जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । जसमा प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थीहरू सामुदायिक विद्यालयअन्तर्गत रहेका छन् । जसलाई मध्यमान र मानक विचलनको आधारमा विश्लेषण निम्नानुसार गरिएको छ ।

तालिका नं. १६

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू निमन्त्रणापत्र लेखन क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २६.४ | ५.९७ | २७ | ५४ | २३ | ४६ |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको जम्मा अङ्क १३२० रहेको छ । मध्यमान २६.४ रहेको छ भने मानक विचलन ५.९७ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यमानभन्दा माथि ४६ प्रतिशत छ भने मध्यमानभन्दा तल ५४ प्रतिशत रहेको छ । अत: मध्यमानलाई आधार बनाएर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता असन्तुष्ट रहेको देखिन्छ ।

## ७.३ संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूले लेखेका निमन्त्रणापत्रलाई आधार मानेर संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ ।

तालिका नं. १७

संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक स्थिति

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| संस्थागत | ५० | ३२ | ६४ | १८ | ३६ |
| सामुदायिक | ५० | २७ | ५४ | २३ | ४६ |

माथिको तालिकाअनुसार संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि ३२ वा ६४  प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल १८ वा ३६ प्रतिशत रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा माथि २७ वा ५४ प्रतिशत रहेको छ भने मध्यमान भन्दा तल २३ वा ४६ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्याथीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत अध्ययन कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमतामा आधारित रहेको छ । निमन्त्रणापत्र लेखन भाषाका चार सिपमध्ये लेखाइ सिपअन्तर्गत व्यावहारिक रचना हो । निमन्त्रणापत्र लेखन मुख्य उद्देश्य विद्यार्थीहरूको स्वतन्त्र एवम् सिर्जनात्मक लेखन सिपको विकास गराउनु हो ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि कपिलवस्तु जिल्लाका कपिलवस्तु र वाणगंगा नगरपालिकाभित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू नमुना जनसङ्ख्या छनोटमा परेका छन् । यसमा पाँच वटा संस्थागत र पाँच वटा सामुदायिक विद्यालयका ५०/५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका विद्याथर्थीहरूलाई आवश्यक सामग्रीका रूपमा निमन्त्रणापत्र लेखनका दुई प्रश्नहरू रहेका छन् । दृष्टांशअन्तर्गतका प्रश्न विद्यालयको पन्ध्रौं वार्षिकात्सवको अवसरमा एउटा निमन्त्रणापत्र तयार पार्नुहोस् । अदृष्टांशअन्तर्गतको प्रश्न छोराको व्रतबन्ध कार्यक्रममा उपस्थिति हुनका लागि आफ्ना आफन्तजनहरूलाई एउटा निमन्त्रणापत्र तयार पार्नहोस् । अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा आवश्यक निर्देश दिएर निमन्त्रणापत्र लेख्न लगाइएको छ । उक्त उत्तर पुस्तिकालाई आदि, मध्य र अन्त्यको आधारमा परीक्षण गरी निकालिएको तथ्याङ्कलाई प्रतिशतका रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा अध्ययन पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको परिसीमा, अध्ययनका रूपरेखा बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत निमन्त्रणापत्र सम्बद्ध पुस्तकको समीक्षा, शोधपत्रको समीक्षा रहेको छ भने सैद्धान्तिक पक्षसँग सम्बन्धित, निमन्त्रणापत्रको सैद्धान्तिक परिचय, निमन्त्रणापत्रका

प्रकार, निमन्त्रणा लेख्दा ध्यान दिनुपर्ने कुराहरू, लेखन सिप विकासमा निमन्त्रणापत्रको स्थान र भूमिका रहेको छ ।

अध्याय तिनअन्तर्गत अध्ययन विधि र प्रक्रिया उल्लेख गरिएको छ । जसमा अध्ययन विधि, जनसङ्ख्या र अध्ययनको क्षेत्र, प्रतिनिधि नमुना, तथ्याङ्क सङ्कलनका साधनहरू (प्राथमिक स्रोत, द्वितीयक स्रोत), तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या र विश्लेषण जस्ता अध्ययनका आधारहरू रहेका छन् ।

निम्न शोधकार्यको अध्याय चारअन्तर्गत कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्याथर्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन रहेको छ । यसमा समग्र विद्यार्थीहरू निमन्त्रणापत्र लेखन व्याख्या विश्लेषणको क्रममा प्रतिशताङ्क, स्तम्भ चित्र, डिग्री तालिका, डिग्री चित्र र मध्यमान र मानक विचलनको आधार गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रा र ५० जना छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता आदि, मध्य र अन्त्यका आधारमा नतिजा विश्लेषण गरी प्रतिशताङ्क स्तम्भ चित्र, वृत्तचित्र र मानक विचलन र मध्यमानको आधारमा देखाइएको छ ।

प्रस्तुत अध्ययनको अध्याय छमा भाषिक पृष्ठभूमिका आधारमा कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना मातृभाषी ५० जना गैरमातृभाषी विद्यार्थीहरू रहेका छन् । यसमा प्रतिशताङ्क, स्तम्भ चित्र, डिग्री तालिका, मध्यमान र मानक विचलनको आधारमा निमन्त्रणापत्र लेखन क्षमता व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय सातमा विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका

विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन व्याख्या विश्लेषण प्रतिशताङ्क, स्तम्भ चित्र, डिग्री तालिका, मध्यमान र मानक विचलनको आधारमा गरिएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत शोधपत्र 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणपत्र लेखन क्षमताको अध्ययन' शीर्षकमा केन्द्रित भएर तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि कपिलवस्तु जिल्लाका कपिलवस्तु नगरपालिका र वाणगंगा नगरपालिकाका ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालय गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । खोज अनुसन्धानका क्रममा प्राप्त भएका नतिजाहरूलाई आधार मानेर निकालिएको निष्कर्ष यसप्रकार छ :

- निमन्त्रणापत्र लेखन क्षमताको समग्र स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा १०० जना विद्यार्थीहरूमा ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १० र प्रतिशत १०, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४१ र प्रतिशत ४१, ६०-७४ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३४ र प्रतिशत ३४ त्यसैगरी ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १५ र प्रतिशत १५ रहेको छ । समगस्रमा ४०-५९ सम्म अङ्क ल्याउने प्रतिशत सङ्ख्या ४१ रहेको र ६०-७४ सम्म अङ्क ल्याउने प्रतिशत सङ्ख्या ३४ रहेकाले समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।
- डिग्री अनुसार समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको व्याख्या विश्लेषण गर्दा प्रतिशतभन्दा माथि ९० प्रतिशत विद्यार्थीहरूले ३२४ डिग्री प्राप्त गरेकाले समग्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा हेर्दा समग्र विद्यालयका विद्यार्थीहरू प्राप्ताङ्क मानक विचलन ८.१४ रहेको छ । मध्यमानभन्दा माथि ५३ प्रतिशत र मध्यमानभन्दा तल ४७ प्रतिशत रहेकाले समग्रमा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता मध्यम रहेको छ ।

- लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखनको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ८८ प्रतिशत रहनुले छात्रा विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- डिग्रीको आधारमा छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी ८८ प्रतिशत जसलाई डिग्रीमा लैजाँदा ३१६.८ डिग्री रहेकाले डिग्री अनुसार कपिलवस्तु जिल्लाका छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा हेर्दा छात्रा विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ७.८८ रहेको छ । छात्रा विद्यार्थीहरूको मध्यमान २९.२ रहेको छ भने मध्यमानभन्दा तल ४८ प्रतिशत र मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकाले छात्रा विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ९२ प्रतिशत रहेका छन्, त्यसैले समग्रमा छात्रहरूको निमन्त्रणापत्र लेखन क्षमता प्रतिशतका आधारमा राम्रो रहेको मान्न सकिन्छ ।
- डिग्रीको आधारमा छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको डिग्री ३३१.२ रहेकाले छात्र विद्यार्थीहरू निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ६.३८ मध्यमान २८.७ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू ५४ प्रतिशत र मध्यमानभन्दा कम ४६ प्रतिशत रहेकाले कपिलवस्तु जिल्लाका छात्र विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको छ ।
- भाषिक आधारमा मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी

सङ्ख्या ९४ प्रतिशत रहेकाले भाषिक आधारमा कक्षा आठका मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

- मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९४ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९४ प्रतिशत रहेको छ । जसलाई डिग्रीमा लैजादा ३८.४ डिग्री हुन आउँछ । डिग्री अनुसार मातृभाषी विद्यार्थीहरू निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ७.४२ मध्यमान ३० रहेको छ । मध्यमानभन्दा कम, ४६ प्रतिशत र मध्यमानभन्दा माथि ५४ प्रतिशत विद्यार्थीहरू रहेकाले मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।
- गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेकाले भाषिक आधारमा कक्षा आठका गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।
- डिग्रीअनुसार गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेको छ । जुन डिग्रीअनुसार ३०९.६ डिग्री रहेको छ । समग्रमा डिग्रीअनुसार गैर मातृभाषी विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन सन्तोषजनक मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा गैर मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ७.२१, मध्यमान २८ रहेको छ । मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत र मध्यमानभन्दा माथि ५८ प्रतिशत रहेको छ । समग्रमा कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत गैर मातृभाषी विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

- विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको छ । प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- डिग्रीअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको छ । डिग्रीअनुसार ३१६.८ डिग्री हुन आउँछ । समग्रमा डिग्री अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ९.३८ मध्यमान २९.७४ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३६ प्रतिशत र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ६४ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएकाले कपिलवस्तु जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेको छ । यसरी ८६ प्रतिशतलाई आधार मानेर नतिजा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सामान्य रहेको मान्न सकिन्छ ।
- डिग्री अनुसार संस्थागत विद्यालयका विद्याथर्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेको । डिग्री अनुसार ३०९.६ डिग्री हुन आउँछ । समग्रमा डिग्री

अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता सामान्य रहेको मान्न सकिन्छ ।

- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन ५.९७ र मध्यमान २६.४ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५४ प्रतिशत मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४६ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी हुनाले मध्यमानको आधारमा नतिजा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमता असन्तुलित देखिन्छ ।

## ८.३ उपयोगिता

निमन्त्रणापत्र लेखन भाषिक सिपहरूमध्ये लेखाइ सिपअन्तर्गत पर्ने सिर्जनात्मक रचना हो । चौथो सेमेस्टरको पाठ्यांश ५४४ को आंशिक आवश्यकता पूरा गर्नका लागि निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन गरिएको छ । निमन्त्रणापत्र लेखनसँग सम्बन्धित भएर धेरै अध्ययनहरू भएका छन् । यस अध्ययन विगतका अध्ययनभन्दा क्षेत्रगत, कक्षागत र उद्देश्यका आधारमा भिन्न रहेको छ ।

लेखनकलासँग सम्बन्धित निमन्त्रणापत्र लेखाइ सिप उत्कृष्ट र विशिष्ट भाषाको प्रयोग गर्नका लागि अत्यन्तै महत्त्वपूर्ण वा उपयोगी विधाको रूपमा रहेको छ । निमन्त्रणाापत्र लेखन विद्यालय तहदेखि उच्च तहसम्म रहेको अत्यन्तै उपयोगी विधा हो । प्रस्तुत अध्ययनका निम्नलिखित उपयोगिता रहेका छन् ।

### ८.३.१ नीतिगत तह

- निमन्त्रणापत्र लेखन व्यावहारिक रचनाअन्तर्गतको उत्कृष्ट रचना हो ।
- यस अध्ययन निमन्त्रणापत्र लेखनको व्यावहारिक लेखन प्रस्ट पार्नेछ ।
- निमन्त्रणापत्र सम्बन्धित अन्य खोज अध्ययन गर्न आधार प्रदान गर्नेछ ।
- लेखन सिप पहिचान गराउनेछ ।

- निमन्त्रणापत्र लेखन क्षमताको अध्ययनले सिर्जनातमक लेखन क्षमताको पहिचान गराउनेछ ।
- यस अध्ययनबाट लेखन सिपका विविध पक्षको अध्ययन गर्ने आधार प्रदान गर्नेछ ।
- यस अध्ययनको विषयवस्तुमा आधारित भएर अध्ययन अनुसन्धान गर्न सहयोग गर्दछ ।
- स्पष्ट र तथ्यपूर्ण खोज गर्न सहयोग गर्नेछ ।

### ८.३.२ प्रयोगगत तह

- प्रस्तुत शोधकार्यले विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको बोध गराउनेछ ।
- मानवीय दैनिकीमा आवश्यक पर्ने व्यावहारिक लेखन सिप विकासमा सहयोग पुऱ्याउनेछ ।
- निमन्त्रणापत्र लेखनको आवश्यक तौर तरिका, ढाँचासम्बन्धी आवश्यक ज्ञानको बोध गराउँछ ।
- लेखन सिपमा आवश्यक पर्ने विशिष्ट र मर्यादित भाषाको प्रयोग गर्न सहयोग पुऱ्याउनेछ ।
- प्रस्तुत शोधकार्यको नतिजा विश्लेषण वा मूल्याङ्कन गरी कक्षा शिक्षणमा आवश्यक पुऱ्याउनेछ ।

## ८.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

- कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन
- कक्षा १० र ११ का विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक अध्ययन
- कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन
- कक्षा ५ र ६ अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको तुलनात्मक अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, सरस्वती कुमारी (२०७१), *दाङ जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

आचार्य, इन्दिरा (२०६९), *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

आचार्य, प्रतिभा (२०७३), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको* अध्ययन, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

खनाल, शान्त कुमारी (२०७३), *इलाम जिल्लामा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूका निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन* , शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

चन्द, कविकुमार (२०७३), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

जोशी, दुर्गाकुमारी (२०७३), *बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अधयन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

न्यौपाने, शशिकला (२०७३) , *कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

पोखरेल, देवीप्रसाद (२०७३), *बी. एड . प्रथम बर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोख्रेल, सूर्य (२०७३), *अर्घाखाँची जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पैरवी प्रकाशन ।

बराल, कृष्णहरी र एटम,नेत्र(२०६४),*साधारण नेपाली (बी. एड.) व्याकरण, अभिव्याक्ति र अभ्यास,* काठमाडौं : हजुरको प्रकाशन ।

बेल्वासे, मुना (२०७३), *काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको सारांशलेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

विष्ट, मंगला (२०७३), *काठमाडौं जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको दैनिकीलेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रिमाल, मञ्जु (२०७३), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०७२), *नेपाली भाषा र व्याकरण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

लम्साल, रामचन्द्र र ज्ञवाली, रामप्रसाद (२०७३), *नेपाली कक्षा ८,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

सुवेदी र अन्य (२०७२), *सबैको नेपाली,* काठमाडौँ : साझा प्रकाशन ।